अंक (१)

प०नं० (१)

प्रकाशक: बृ०आ०प० मृगस्थली।

१०१

विश्वात्म-दर्शन

अ

प० नं० १
प्रकाशक:- बृ० आ० प०
मृगस्थली।

विश्वात्म-दर्शन

[मासिक पत्रिका]

सम्पादकः--

लेखनाथ कोइराला

सहायक सम्पादकः-

रामजङ्गबहादुरसिंहः

व्यवस्थापकः-

श्रीनरेन्द्रकेशरी उपाध्यायः
पौड्यालः

श्रीपुष्करनाथठाकुरः

प्रकाशकः-

बृहद्
आध्यात्मिक परिषद्

के० का० गोरक्षपीठ
मृगस्थली काठमाडौं।
फोन नं० १२७६२
बार्षिक शुल्क—१०।—
यस अङ्कको—१।—

वर्ष १.
अङ्क १.

यस अङ्कमा

३. — महावाणी
श्री ५ महेन्द्र

४. शुभ कामना
रङ्गनाथशर्मा

५. शुभेच्छा
बालचन्द्रशर्मा

६. विश्वात्म—दर्शन
विन्दुनाथ प्याकु-याल

७. दिनेश नयाँ उदायो
नरेन्द्रकेशरी पौड्याल

८. विश्वात्म — दर्शनको एक परिचय
रामजङ्गवहादुरसिंह

१२. आत्म — परिचय
पूर्णचन्द्रढुङ्गेल

७. शिक्षा—समीक्षा
गोवर्धनवहादुरकार्की

२२. आध्यात्मिक शान्ति
शिवगोपाल रिसाल

२६. हिन्दुराष्ट्रमा अध्यात्मवाद
भरतमणिशर्मा

३३. ज्ञान र विज्ञान
शारदासमशेर

३६. मानवधर्म – परोपकार
गोविन्दहरिजङ्गम

३९. संस्कृत – सन्देशः
योगी नरहरिनाथः

४७. संस्कृत-सन्देशको [छाया]
नरेन्द्रकेशरी पौड्याल

५६. वैदिक वाङ्मय वा गायत्रीमीमांसा
देवीप्रसादरिमाल

६१. श्री ५ वृद्धमहाराज पृथ्वी-नारायणसाहदेवस्य दिव्य उपदेशः

७६. ?
तुलसी वैरागी

७७. सदस्य –सूची

७८. परामर्श दातृमण्डल

७९. सम्पादकीय

मुद्रकः — न्यू प्रिन्टिङ् प्रेस
निमित्त, — संचय प्रेस
देवपतन,
फोनः १२७६२

शाके १८९३ संवत् २०२८ पृथ्वीजयन्ती

महावाणी

नेपाललाई सर्वदृष्टिबाट विश्वका समक्ष एउटा आदर्श हिन्दूराज्यको रूपमा खडा गर्ने हाम्रो इच्छा छ।

धर्मनै मानवजीवनको सर्वश्रेष्ठ तत्त्व हो, धर्मकै प्रेरणाबाट मानवले प्रारम्भकालदेखि नै महान् कार्य गर्दै आयेको छ, मानवसमाजको कल्याण धर्ममानै आधारित छ।

कोरा भौतिकवादी ढंगबाट सोच्ने प्रणाली हाम्रो निमित्त अस्वाभाविक हो।

श्री ५ महेन्द्र

शुभकामना

बृहदाध्यात्मिक परिषद्को मुखपत्र विश्वात्म–दर्शन मासिक पत्रिका २०२८ साल पौष २७ गते, राष्ट्रिय एकता दिवस, पृथ्वी जयन्तीदेखि प्रकाशित हुन लागेकोमा मलाई बहुतै हर्ष लागेको छ। यस्ले हिन्दू धर्मको संरक्षण तथा सम्वर्द्धन गर्नुको साथै राष्ट्रियभावना जागृत गराउन सफल होस् भन्ने मेरो हार्दिक शुभ–कामना छ।

रङ्गनाथ शर्मा

सम्माननीय– सभापति राजसभा स्थायिसमिति

(२५–९–२०२८)

शुभेच्छा

आध्यात्मिक मेरु–दण्डका अभावमा जीवनका अन्य सबै स्कन्ध पंगु र निस्क्रिय हुन्छन् । समाजका आध्यात्मिक मान्यताले नै त्यस समाजको र तदुपरान्त मानव– समाजकै सभ्यताको निर्माण गरेको हो । आध्यात्मिकतामै बढी ध्यान दिएर नै पूर्व आज पनि संसारको निमित्त प्रेरणाको मूल बनेकै छ ।

बृहद् आध्यात्मिक परिषद्ले आगामी पृथ्वीजयन्तीदेखि आफ्नू मुख–पत्र 'विश्वात्मदर्शन' प्रकाशित गर्न लागेको सुन्दा साह्रै खुशी लाग्यो । यस पत्रिकाले हाम्रो आध्यात्मिक ज्ञानको खाँचोलाई निकै अंशमा पूरा गर्ने छ भन्ने विश्वास गर्दछु ।

बालचन्द्र शर्मा

महामहिम शाही नेपाली राजदूत

श्री:

विश्वात्म--दर्शन

हे भक्तवत्सल ! विभो ! करुणावतार !
लौ पुग्नलाइवस जीवन–सिन्धु पार ।

देखाइदेउ सबलाई बनी उदार
तिश्वात्म– दर्शनमयी तरणी अपार ॥१॥

चोला लियो कि नरको, भवमा असार
सम्बद्ध हुन्छ जन–जीवनको किनार।

लैजान मानिस उता भव–सिन्धु पार,
विश्वात्म–दर्शन वहित्र छ वार वार ॥१॥

–बिन्दुनाथ प्याकुर्‍याल,
लाजिमपाट

दिनेश नयाँ उदायो

संज्ञी महेश, लिइ लक्ष्य नरेश, देश,
प्रादेशलेश अनि विश्व-विशेष शेष ।
सन्देश वेश सविशेष लिएर आयो,
अध्यातमदर्शन-दिनेश नयाँ उदायो ।।१।।

अध्यात्मदूत, अवधूत, पुरानुभूत,
आहूत पूत--जन--मानसले प्रभूत ।
माङ्गल्य-मञ्जु उपदेश-सुधा सजायो,
विश्वातमदर्शन-दिनेश नयाँ उदायो ।।२।।

आत्मा छ एक सवका घटमा प्रकाशी,
यौटै कुटुम्ब वसुधातलका निवासी ।
आदेश आर्ष शिव-सुन्दर-सत्य ल्यायो,
विश्वातमदर्शन-दिनेश नयाँ उदायो ।।३।।

विज्ञान-ज्ञान दुइको न थियो विवाद,
होला न वा, न अहिले छ कुनै विषाद ।
साझा समन्वय छ दर्शन यो फिंजायो,
विश्वातमदर्शन-दिनेश नयाँ उदायो ।।४।।

—नरेन्द्रकेशरी उपाध्याय पौड्याल:
उप–सभापति वृ. आ. प.

विश्वात्म–दर्शनको एक परिचय

रामजङ्गबहादुरसिंह

सम्पूर्ण विश्वलाई परमात्माकै स्वरूप देखेर सृष्टिको मूल कारण आफ्नै आत्मामा विश्वलाई विलय गर्ने अर्थात् समस्त दृश्य, अदृश्य जगत् र यावत् विश्वका रचनाहरू आफ्नै एक मात्र आत्मामा स्थित देख्ने पुरुष पूर्णरूपले आनन्दतया चित्स्वरूपमा स्थित हुन्छन् । यस्ता पुरुष द्रष्टा–दृष्टि–दृश्य, ध्याता, ध्येय, ध्यान त्रिपुटी देखि पर सच्चिदानन्द घन स्वरूप ब्रह्मानन्द प्राप्त गर्दछन् ।

विश्वं यदेतत्परमात्मदर्शनं

विलापयेदात्मनि सर्वकारणे ।

पूर्णश्चिदानन्दमयोऽवतिष्ठते

नवेदबाह्यं नचकिञ्चिदान्तरम्

रामगीता

विषयानन्द र परमानन्द २ प्रकारका सुख शास्त्रमा वर्णित छन् । ब्रह्मानन्द आत्मज्ञानबाट पाइने सुख र विषयानन्द आफ्ना कर्मका फलस्वरूप जन्म मरण समेतले व्याप्त भएको इन्द्रिय जनित सुख हो, धनीवर्ग ऐश्वर्यवान् पुरुषहरू विषयानन्दमा लिप्त रहन्छन् र योगी ज्ञानीजन ब्रह्मानन्दमा ।

हामी आर्य जातिका मनुष्यहरूले नै वेद उपनिषद् धर्मग्रन्थद्वारा

ब्रह्मानन्दको महत्त्व बुझेका र अध्यात्म-विद्या नै विद्याहरूमा श्रेष्ठ विद्या हो भनेर श्रीकृष्ण भगवान्ले भन्नु भएको छ ।

हाम्रो समाज नै ब्रह्मानन्द विषयको पृष्ठ भूमिमा स्थित भएको छ अरु अध्यात्म विद्या आदिको आर्य जाति हामीहरूले नै विकास गरेको हो, एवं प्रकारले हाम्रो संस्कृति, सभ्यता, धर्म, कर्म अध्यात्मले ओतप्रोत छन् र अध्यात्म ज्ञान विना हाम्रो संस्कृति सभ्यता र धर्म को मर्म बुझ्न गाह्रो पर्छ भन्न पनि अत्युक्ति होओइन ।

सबै धर्मको पराकाष्ठा ज्ञानको उक्ति– " वसुधैव कुटुम्बकम् " ले विश्वमा अध्यात्म ज्ञानको प्रचार गरि मानवमात्रमा एकताको भावनालाई जगाई विश्वका समस्त मानवहरूसँग प्रेम र सद्भावनाले मिल्नु जुल्नु र व्यवहारमा शान्ति स्थापित गर्नु आजको समयमा हामी प्रत्येक व्यक्तिको साम्ने कर्तव्य हुन आएको छ । आत्म ज्ञानको लक्ष्य पनि यही हो ।

आज चारैतिर विज्ञानद्वारा भौतिक विकासले संसारको रूप वदलिएको देख्तछौं । तर शान्ति कतै देखा पर्दैन । मानव जातिमा शान्ति ल्याउन खोज्ने प्रत्येक देशहरूमा प्रशस्त संस्था. वाद, मतहरू देखिन्छन् तापनि तिनीहरुले मानव मानवमा एकता प्रेम सुख, शान्ति ल्याउन सफल भएकोदेखिन्न । यसको मूलकारण यहि हो कि, उनीहरूले मात्र ज्ञान न गराई भौतिक विषयवाट शान्ति र एकता, प्रेम ल्याउने परिश्रम गरेका छन् । यसरी सफल हुन खोज्नु मृगतृष्णा मात्र हो । व्यवहार, बुद्धि, कर्म परिश्रम, विद्या र पुरुषार्थ, मनुष्यमा वरावर एकैनास हुँदैनन् । कानून र सरकारका दवावले सवैलाई एकैनास तुल्याई समता ल्याउनु वास्तविक र प्राकृतिक नियम विरुद्ध हुन्छ । त्यसरी लादिएको समताले सुख र शान्ति प्रदान गर्न असफल हुन्छ ।

शान्तिको एक मात्र उपाय हो आत्म ज्ञान, आत्मा नै शान्तिको स्वरूप हो । मानिसले जहाँसम्म आफुले आफैंलाई चिन्दैन, उसलाई शान्तिको मार्ग फेला पर्दैन । आफुलाई चिनेका व्यक्तिले नै विश्वलाई आफ्नै स्वरूप भनी चिन्दछन् र आफु र विश्वमा अभिन्नता अनुभव गरी व्यक्तिगत प्रेम नै विश्व

प्रेममा परिणत गरिहाल्दछन् ।

अध्यात्म विद्या वास्तविक अनुभवगम्य वैज्ञानिक विद्या हो । आत्माको अनुभव, जसलाई आत्मसाक्षात्कार या ब्रह्मसाक्षात्कार भनिन्छ अभ्यास र युक्तिद्वारा हुन सक्तछ । योग विद्या राजयोग हठयोग, भक्तियोग, तन्त्रयोग इत्यादि धेरै प्रकारका साधनहरूबाट आत्माको अनुभव गर्न सकिन्छ । अतएव हामीले अध्यात्म विद्यालाई एक मनगढन्त रचना या काल्पनिक भनेर पन्छाउन सक्तैनौं । परन्तु यो वैज्ञानिक युगमा यस विद्याको राम्रो अनुसन्धान गर्न सकिने सम्भव छ ।

अध्यात्म विद्याले मानसिक शक्तिको परिचय गराउँछ र मानसिक शक्तिको अनुसन्धान यो विज्ञानको युगमा अत्यन्त आवश्यक छ । परन्तु यो अध्यात्म विद्या प्रायः लोप हुँदै गै रहेछ । यो विद्याको अभावले मनुष्यमा नास्तिकता र अशान्ति फैलिएको हो । तर यसपट्टि मानिसको ध्यान नजाले शान्तिका कारणहरू पैल्याउन नसकी मानव जाति अन्धकारमा परेको छ ।

धन माथि धन थपेर ऐश्वर्यवान् बनेका कतिपय देशहरूका जनताले अनुभव गर्दछन् कि धन र ऐश्वर्यले हामीलाई शान्ति मिल्न सकेन, साम्यवादी, नास्तिकहरू ता झन् बढी मात्रामा असन्तुष्ट देखिन्छन्, उनीलाई शान्ति कुन चराको नाम हो मालो ज्ञानै छैन, वर्तमान युगका मानिस विज्ञानको चमत्कार हेरी आफ्नो व्यक्तित्व या आत्मानुभव गुमाई रहेछन् जसरी बत्तिको ज्योतिमा पुतली फुल्सिन्छन् ।

मानिसको शरीरलाई सुख दिने साधनहरू विज्ञानले बनाई दिन सक्छ, परन्तु मानव जीवनलाई सुख दिने एक मात्र ज्ञान हो अध्यात्म । जहाँसम्म जीवनलाई सुखी बनाउनु र शरीरलाई सुखी बनाउनु भिन्न भिन्न व्यवस्था हुन् भन्ने ज्ञान नभई शरीरलाई मात्र सुखी बनाउने मानिसहरू सदैव अज्ञानका कर्म गर्नमा परि दुःखी हुन्छन्, मानवको लक्ष्य हो जीवनलाई सुखी तुल्याउनु, उपर्युक्त तथ्यका आधारमा यो "विश्वात्मदर्शन" भन्ने पत्रिकाको उच्च भावनालाई हामीले अपनाउनु पर्दछ, विश्वलाई आफ्नै रूप देखनु यसको वास्तविक मूल अर्थ हो, विश्वमा समस्त प्राणीहरूको सेवा गर्नु र ब्रह्मानन्दको प्राप्ति गर्नु यसका पुनीत उद्देश्य हुन्, शान्ति र सुखमय जीवनको

मार्ग देखाउने अध्यात्म–विद्यालाई सरल उपायले प्रचार गर्नु यसको कार्य हो, व्यवहार, विज्ञान र अध्यात्मको संतुलक सामञ्जस्य ल्याई कर्ममय जीवनलाई व्यावहारिक कुशल, धर्ममय, ज्ञानविज्ञानमय वनाउनु यसका विशेषता हुन्,धर्म, अर्थ, काम मोक्ष, पुरुषार्थ चतुष्टय सम्पन्न समाज वनाउनु यसको सफलता हो,

बृहद् आध्यात्मिक परिषद्ले अध्यात्म पृष्ठ भूमिमा राष्ट्र निर्माण र प्रगतिको रचनात्मक कार्य, तथा धर्म अवलम्बित पञ्चायती व्यवस्थाको समर्थन तथ्य प्रसार गर्दै देश नरेशको सेवार्थ अग्रसर हुँदै हामी नेपालीलाई प्रोत्साहन दिन यो विश्वात्मदर्शन पत्रिका प्रकाशित गरिदैछ र यसमा समस्त देशवासीको ध्यान आकर्षित गराइँदैछ, हाम्रो नेपालीपन नै धार्मिकता हो, नेपाली अन्धविश्वासी कदापि कहिले पनि होइनन्, ईश्वरको आस्थालाई ज्ञानपूर्वक स्वीकार गर्दै आएका हामी नेपालीको इमान्दारी, राष्ट्रप्रेम, वहादुरी, सत्यता विश्वविख्यातछ, हामी जान्दछौं कि धर्म विना ईश्वर प्रति आस्था र विश्वास स्थित रहन सक्तैन, मानिसलाई ईश्वरको विश्वास र आस्था प्रति जागरूक राख्न धर्मकै आवश्यता हुन्छ। अतएव, वर्तमान परिस्थितिको माग अनुसार बृहद् अध्यात्मिक परिषद् अध्यात्म विद्याको प्रचारमा कटिवद्ध छ र यो परिषद् नेपाली मात्रको सेवा गर्न प्रस्तुत छ।

हाम्रो नेपालीपन अध्यात्मवाद नै हो, तन्त्र शास्त्र, योग शास्त्र र धर्माचार सदाचारको वलले निर्मित भएको हाम्रो यो राष्ट्र नेपाल देशले नै अध्यात्म- सन्देश संसारका कुना कुना मा पुऱ्याई शान्तिको मार्ग प्रदर्शक वन्ने छ भन्ने हाम्रो पुनीत उद्देश्यलाई श्रीपशुपतिनाथजीले सफल वनाउन् भन्ने प्रार्थना गर्दै हामीले आफ्नो कर्तव्यमा दृढ संकल्पले अघि वढ्नु परेको छ।

+

आत्म–परिचय

आचार्य पूर्णचन्द्र ढुङ्गेल, प्रधानाचार्य जनता महाविद्यालय दाङ, नेपाल । सदस्य संस्कृत, विश्व विद्यालय, राप्ती अञ्चल

दृश्यमान जगत्का जड र चेतन अखिल पदार्थहरू मध्ये आ-आफ्नु क्षेत्रमा जड एवं चेतन दुवैको महत्त्व कम छैन। त्यसैं उसले विश्वका विचार शास्त्री– दार्शनिकहरूद्वारा संसारको रहस्य पत्ता लगाउन कम प्रयास गरेको छैन । गरिएका अनेक अन्वेषण वर्गीकरण र परीक्षणहरूलाई हेर्दा दृश्यमान जगत् र जगत्का जड र चेतन पदार्थहरूको सम्बन्धमा हामी, तीन विचारधारा पाउँदछौं– ती तीनै विचारधाराहरूले पछि गएर वादको रूप लिई विश्वमा ख्याति पाए । ती वाद यी हुन्– १ जडवाद २ जड चैतन्यवाद ३ चैतन्यवाद ।

१ जडवाद– जडवादका प्रथम आचार्य बृहस्पति हुन् तर देवगुरु बृहस्पति नै हुन् भन्ने कुनै पुष्ट प्रमाण छैन । जसले चार्वाक दर्शनको जन्म दिए । चार्वाक दर्शनले दृश्यमान चार या पाँच महाभूतलाई नै सांसारिक समस्त जड एवं चैतन्यको आधार मान्दछ । चार्वाक मतमा चैतन्य नामक अलग कुनै पदार्थ नै छैन, त्यो पृथिवी आदिको संमिश्रणबाट उत्पन्न हुन्छ । यिनी जडवादीहरूले मानवता जस्तो बहुमूल्य चैतन्यलाई पनि अरू चार खुट्टे जन्तु तुल्य जन्तु नै मान्दछन् । प्रत्यक्ष प्रमाण– (चक्षु: श्रोत्र–घ्राण– रसना –त्वक् र मन) मात्रले जो कुरा सिद्ध गर्दछ, त्यसैलाई मात्र मान्ने उनीहरूको दुराग्रह र अपरिपक्वताले अन्यसामान्य जन्तुको कोटिमा मनुष्यलाई पनि राखेको हो । यस आपातरमणीय विचार अनुसार अन्य सामान्य पशुहरू झैं मनुष्य जीवनको पनि पेट भर्नु र भोग विलास गर्नु नै लक्ष्य हुंदो हो त संसारमा प्राणि सृष्टिको कुनै आवश्यकता नै थिएन अर्थात् प्राणिसृष्टिले भूसकुटाईको भन्दा

बढता मूल्य राख्ने थिएन । विचारशील एवम् प्रवुद्ध मानव समूहले यस कुरालाई कथमपि मान्दैन, हो पनि । पूर्वोक्त प्रत्यक्ष प्रमाण नै विश्वका समस्त पदार्थहरूका भावाभावको निश्चायक कहिले पनि हुन सक्तैन । सामने देखिएका– घडा–वस्त्र आदिको भाव र सप्तम रस– मनुष्यका सिंग आदिको अभाव प्रत्यक्ष प्रमाणले निश्चित गरे पनि, १ अत्यन्त टाढा उड्ने पक्षी, २ नेत्राञ्जन, ३ इन्द्रिय-घात–स्थिति, ४ मनोविक्षिप्त–स्थिति, ५ सूक्ष्म ६ व्यवहित, ७ अभिभूत, ८ संमिश्रण अनुद्भूत आदिका संवन्धमा अनुमान प्रमाण नमानी कामै चल्दैन । यसै आशयलाई तलको कारिकामा स्पष्टतया देखाइएको छ ।

अतिदूरात्सामीप्यादिन्द्रिय-
घातान्मनो ऽ नवस्थानात् ॥
सौक्ष्म्याद्व्यवधानादभिभवा-
त्समानाभिहाराच्च ॥७॥

(आचार्य ईश्वर कृष्ण)

अनुमान प्रमाण त्यो प्रमाण हो (वा त्यस्तो हुनु पर्दछ) जो प्रत्यक्ष प्रमाणाश्रित भएर आगमानुकूल हुन्छ र कुनै ज्ञापक हेतुद्वारा छिपेका वस्तुलाई वताउन प्रायः जहाँ कहीं व्यवहारमा प्रयुक्त हुन्छ । यो अनुमान प्रमाण–१ पूर्ववत् २ शेषवत् एवम् ३ सामान्यतोदृष्टको भेदले तीन प्रकारको छ । कारणद्वारा कार्यको अनुमान हुनु पूर्ववत् अनुमान हो,– जस्तै खेतमा छरेका विउद्वारा अङ्कुरको अनुमान । कार्यद्वारा कारणको अनुमान हुनु शेषवत् अनुमान हो.–जस्तै – खेतमा उत्पन्न भएका अङ्कुरहरूद्वारा पूर्वावस्थाका विउको अनुमान सामान्यतो दृष्टानुमानले दृष्ट कार्य–कारण संम्वन्धद्वारा अदृष्ट कार्य–कारण सवन्ध, कार्य एवम् कारणको अनुमान हुन्छ, –जस्तै वञ्चरो र दाउरा चिराईको दृष्ट सवन्धद्वारा अदृष्टरूप दृश्य साधन नेत्रेन्द्रिय र अवस्था विशेषले सामान्यतो दृष्ट अनुमानमा कार्यकारण सापेक्षता हुन्छ पनि हुँदैन पनि । संसारमा त्यस्ता पनि पदार्थहरू छन् । जसको संवन्धमा द्वितीय प्रमाण अनुमानको पनि केही दृश्य– आदिको अनुमान स्थल विशेष नचल्दा आप्त प्रमाण (शब्द–प्रमाण)को अवसर आउंदछ । यसै आशय-

लाई तलको कारिकामा स्पष्टतया दिएको छ।

**सामान्यतस्तु दृष्टादतीन्द्रियाणां प्रतीतिरनुमानात् ।।
तस्मादपि चासिद्धं परोक्षमाप्तागमात्सिद्धम् ।। ६ ।।**

(आचार्य ईश्वरकृष्ण)

प्रहेलिकामय संसारको रहस्य जान्न प्रत्यक्ष प्रमाणको साथै अनुमान प्रमाण र शब्द प्रमाणको सहारा नली सत्यको अन्वेषण गर्न सकिन्न । व्यवहारमा काम पनि चल्न सक्दैन । प्रत्यक्ष प्रमाणमा आधारित जडवाद वस्तुतत्वान्वेषणको प्रथम सोपान हो यै सोपानमा उभिएर नै विश्व विचारकहरूले वास्तविक बाटो पैल्याएको हो ।

२ जड–चैतन्यवाद–वस्तुतत्त्वान्वेषणमा परमसहायक– सामान्यतोदृष्ट, शेषवत् र शब्द प्रमाणको शरणमा जाँदा जडवादी चार्वाक दर्शनले जुन स्थूल शरीरलाई आत्मा मानेको थियो, त्यो आत्मा नभै पाञ्चभौतिक शरीरमा शरीरावच्छेदेन रहने अर्कै तत्त्व, आत्माको रूपमा सिद्ध हुन्छ, जसलाई तल दिएका श्रुतिले "अज" भनी उद्घोषित गरेको छ ।

**अजामेकां लोहित-शुक्ल-कृष्णां
बह्वीःप्रजाः सृजमानां सरूपाः।
अजा ये तां जुषमाणां भजन्ते
जहात्येनां भुक्तभोगामजोऽन्यः**

(श्वेताश्वतरोपनिषद्)

यस श्रुति अनुसार अजा र अज अर्थात् प्रकृति र पुरुष यिनै संसारका मूल तत्त्वहुन् । यिनै दुई तत्त्ववाट विशाल संसारको निर्माण भएको छ । सांख्य–दर्शनोक्त सामान्यतोदृटष्टानुमान, शेषवत् अनुमान र पूर्वोक्त श्रुत्यात्मक आप्त–(शब्द) प्रमाणद्वारा सिद्ध भएको अजतत्त्व या पुरुपतत्त्व नै "आत्मा" हो । सांख्य–दर्शनले मानेको यै जड–चैतन्यवादलाई स्वीकार गर्दै योग–दर्शनले विशेषचैतन्य परमात्मालाई पनि मानेको छ । श्रीमद्भगवद् गीतोक्त "नजायते म्रियते वा कदाचित्० वासांसि जीर्णानि० अच्छेद्योऽयमदाह्योऽयम्० देही नित्यमवध्योऽयम्"० आदि त्रिकालसत्य तात्त्विक आप्त प्रमाणले वताएको अपरिमेय तत्त्व नै आत्म तत्त्व हो । तत्त्वान्वेषणको

वाटामा लाग्दा जड–चैतन्यवाद दोश्रो सोपानको रूपमा आउंद छ । यस वादका अनुयायीहरूले लौकिक दृष्टान्तहरू दिएर यसवादलाई व्यवहारमा ल्याउन धेरै प्रयास गरेको पाइन्छ । महर्षि कपिल र महर्षि पतञ्जलिले यस जड– चैतन्यवादलाई जन्म दिएका हुन् । पाश्चात्य जगतमा पनि यसवादले निकै कौतूहल उत्पन्न गरेको छ ।

३ चैतन्यवाद–ज्ञान या विचारको पराकाष्ठा, – वेदान्त दर्शनमा केवल चैतन्य – आत्मतत्त्वकै मात्र पारमार्थिक स्थिति स्वीकार गरिएको छ । अज्ञानको तारतम्यले मनुष्यमा भएका –असंभावना, विपरीतभावना र पारोक्ष्य दोषलाई श्रवण, मनन र निदिध्यासन द्वारा हटाई सक्ता मात्र आत्म–स्वरूप प्राप्त हुन्छ भन्दै महर्षि याज्ञवल्क्यले सर्वतो भावेन अनुगामिनी आफ्नी धर्मपत्नी श्रीमती मैत्रेयीलाई यस प्रकार वताउनु भएको छ ।

"आत्मा वा अरे द्रष्टव्यः– श्रोतव्यो मन्तव्यो निदिध्यासितव्य इति' यस वृहदारण्यक श्रुतिमा वताइएको आत्म–शव्दले जीवात्मा र परमात्मा यी दुवैलाई लिन सकिन्छ । उक्त दुवैमा कुनै पनि आत्माको साक्षात्कार परमानन्दको जनक हुन्छ भन्ने कुरा, तल दिइएका दुई श्रुतिहरूवाट स्पष्ट हुन्छ ।

१ जीवात्म–विषयक–श्रुतिः–

यदात्मानं विजानीयादहमस्मीति पूरुषः ।।
किमिच्छन् कस्य कामाय संसारमनुसंसरेत् ।। १ ।।

२ परमात्म-विषयक श्रुतिः–

वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमसः परस्तात् ।।
तमेव विदित्वातिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय।।२।।

"वृह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः " सम्पूर्ण वेदान्तको निचोड–यस वाक्यानुसार वृह्म या परमात्मा नै पारमार्थिक तत्त्व हो, जडजगत्को प्रतीति मिथ्या प्रतीति हो र जीवात्म–प्रतीति पनि परमार्थमा अन्यथा प्रतीति नै हो । यस प्रकार आत्म– शव्दार्थ, सांसारिक अखिल प्रपञ्चको मूलश्रोत–जीव र

ब्राह्मण मै पर्यवसित हुन्छ। आर्यजगत् र पाश्चात्य जगत्का प्राचीन अर्वाचीन समस्त विचार शास्त्रीहरूले आजसम्म गरेका अनेक खोजहरू उक्त तीनै वादमा अन्तर्भूत हुन्छन्। विशेषतः हिन्दूजगत्का अत्यन्त गहन यस्तै आत्म परिचय एवम् आत्मसाक्षात्कार जस्ता परम रहस्यमय सर्वोत्कृष्ट वैशिष्टचहरूको पूर्णतया परिचय गराउन संसारमा कुनै साधन छ त त्यो, संस्कृत भाषा हो र त्यसको शरणमा नगै अरू कुनै उपाय नै छैन। संस्कृत भाषामा भएका ज्ञान– विज्ञानको गरिमालाई सुरक्षित राख्दै विश्वमा नैतिक–मनोवल, सह–अस्तित्व र शान्तिको परम कल्याण मार्ग देखाउन सक्ने "नेपाल– संस्कृत– विश्वविद्यालयको अभिवृद्धि हुनु परम आवश्यक छ। यसैबाट हामी आफ्नु पनले बाच्न र विश्वलाई केही दिन सक्ने छौं। विश्वका ६५ करोड हिन्दूहरूको यतापट्टि ध्यान जानु आज अत्यन्त वाञ्छनीय छ। यस्तै हिन्दूहरूका सर्वोत्कृष्ट निधिहरूमा ध्यान दिन सके वास्तविक रूपमा हिन्दूहरूले आत्म–परिचय गर्न सकेको मानिने छ अन्तमा आत्म–पनिचय संवन्धी तीन नाराहरू लगाउँदै आफ्नु संक्षिप्त लेख पूरा गर्दछु।

१ जयतु सँस्कृतम्।

२ विजयन्तां सर्वात्मानः।

३ विशाले हिन्दू जगति–

नेपाल-सँस्कृत -विश्व-विद्यालयः सर्वोत्कर्षेण वर्तताम्।

विश्वात्मदर्शन

शिक्षा समीक्षा

गोवर्धनवहादुर कार्की

शिक्षा भन्नाले व्यक्तिको त्यस साधनको बोध गराउँदछ, जसवाट साधन कर्ता आफ्नो अनुभूति अर्कोमा अनुभूति गराउन सक्दछ । व्यक्तिले गरेका अनुभूतिहरूवाट त्यसलाई अनादि अथवा कष्टको अनुभूति हुन्छ र त्यसमा उसले विचार गर्दछ । अन्यथा स्वतः अनुभूति अनुभूतिहरूमा त्यसको ध्यान जाँदैन । यसरी हुने आनन्द तथा कष्टको मापदण्डको आधार एक समान न भै विभिन्न पक्षहरूवाट हेरिन्छन् । कसैको आर्थिक महत्त्व हुन्छ भने कुनैको राजनीतिक, कुनैको आध्यात्मिक महत्त्व हुन्छ भने कुनैको मनोवैज्ञानिक । कोही व्यक्तिगत दृष्टिबाट सोचिन्छ भने कोही सामाजिक वा सामुदायिक । कसैको सोचाइमा धार्मिक भावनाको स्थान उच्च छ भने कसैलेजातीय भावनालाई श्रेष्ठ मानेका छन् । जे होस् व्यक्तिको आनन्द तथा कष्टको कसीमा उत्रेका अनुभवहरूले एक यस्तो दूरवीक्षण यन्त्रको आविष्कार गरेकोछ जो धेरै टाढाका अनुभूतिहरूलाई वरवाट छर्लङ्ग पार्न सघाउ पुऱ्याउँदछ र यसैलाई सम्य भाषामा शिक्षा भनिन्छ । अज्ञानताको कालो पर्दालाई शिक्षाको प्रकाशले हटाई व्यक्तिलाई जहिले पनि सत्यको मार्गमा अग्रसर गराउँदछ । अज्ञानवश उदय हुने भयलाई शिक्षाले निर्मूल गराई व्यक्तिमा अपूर्वको शौर्य भरिदिन्छ । शिक्षा यस्तो सोपान हो जस्मा उक्लेर व्यक्ति साक्षात् परमात्मासम्म पुग्न सक्तछ । व्यक्तिमा रहेको नैसर्गिक सामुदायिक विचारशक्ति नै शिक्षाको मूल आधार हो भनेर भन्नु पनि अत्युक्ति न होला । व्यक्तिलाई सामुदायिक जीवनको वास्ता नहुदो हो त निश्चय पनि आजको सभ्यताको शृङ्खला रहने थिएन होला ।

संक्षेपमा हामी भन्न सक्छौं कि व्यक्तिमा रहेका नैसर्गिक गुणहरूलाई साथै व्यक्तिले प्राप्त गर्ने अर्जित गुण व्यक्तिमा यस प्रकार- वाट फस्टाइने र अँगालिने गरिनु आवश्यक छ जसवाट व्यक्ति वा समुदायको अधिकाधिक लाभ हुन सकोस् ।

उपर्युक्त उद्देश्य प्राप्त्यर्थ शिक्षाका अनेक माध्यमहरू अपनाइएका छन् । एक व्यक्तिले आफ्नो अनुभव अर्कोलाई गरेर देखाउने प्रचलन चलेको हो भन्न सकिन्छ । तर यस प्रकारको शिक्षा सुरूसुरूमा न शिक्षा दिनेलाई थाहा थियो न शिक्षा प्राप्त गर्नेलाई । व्यक्तिलाई एक कार्यवाट हुने आनन्दको उसले बार बार पुनरावृत्ति गर्ने र उसले उठाएको आनन्दमा सरिक हुन चाहनेले त्यसको अनुसरण गरेर आनन्दित हुने प्रचलन थियो । यस प्रकारको प्रचलनमा शिक्षा सारै मन्द गतिमा अगि बढ्द थ्यो । त्यसपछि शिक्षाको अर्को माध्यमको प्रतिपादन भयो । त्यो हो व्यक्तिले आफ्नो अनुभूति शब्दमा व्यक्त गर्नु । यस प्रकारले भाषाको विकास हुन थाल्यो । प्रदर्शनको अप्रत्यक्षतरिका भन्दा भाषाको माध्यमको गति तीव्रतर हुदै गयो । यस प्रकारका प्रगतिको अवस्थालाई हामी श्रुतिको कालमा भएको अनुभववाट लक्षगर्न सक्तछौं । श्रुतिकालमा शिक्षा सर्वव्यापि हुन सक्ने अवस्थामा थिएन । यसलाई व्यापक गर्ने मनसायवाट नयाँ पद्धतिको खोज हुन थाल्यो । यस चरणमा लिपिको सिर्जना भयो । विश्वमा अनेक लिपि फेला परि रहेका छन् । श्रुति कालका अनुभूतिहरू यसरी लिपिवद्ध भयेर स्मृतिको रूपमा आएका छन् । लिपिको सहायताले शिक्षाको प्रसारमा ठूलो योगदान मिलेको छ । यसको अलावा शिक्षालाई प्रभावकारी गराउन नाटक, वाद विवाद, सभा गोष्ठी, भ्रमण, अध्ययन, प्रयोगशाला, प्रशिक्षण सिनेमा रेडियो, टेलिभिजन आदि अनेक माध्यम, तथा उपकरणहरूको पनि सहयोग लिइएको छ । अपितु विश्वको ठूलो जनसंख्याको भाग साक्षर हुनसकेको छैन र साक्षर भएकैलाई शिक्षित भन्ने संज्ञा दिन पनि पूर्णतया गारो जस्तो नै लाग्दछ । किनभने व्यक्तिमा असुरक्षाको भावनाले बढी काम गरि रहेको, एक अर्का प्रति छल तथा कपटको व्यवहार अधिक भै रहेको र विश्वसंघर्षको स्थिति दिनौदिन जटिलहुँदै गएको अनुभूतिको अलावा नयाँ र पुराना पुस्ताका विचको सामञ्जस्यको अभाव

अवश्य पनि सोचनीय कुरा हुन गएको छ । व्यक्तिको सामुदायिक जीवनको उपलब्धिले न व्यक्तिलाई नै सन्तुष्टि दिन सकेको छ न समाज नै सुरक्षित रहन सकेको छ । वस्तुतः शिक्षाको एकांगी पक्षको पुष्टिको प्रयासले नै यस्तो दयनीय अवस्थामा समाजलाई पुऱ्याएको हो भन्नू अत्युक्ति नहोला । यसको समाधानको लागी शिक्षाको मौलिक कुराहरूमा विचार पुऱ्याउनु राम्रो हुने ठान्दछु ।

शिक्षाको तात्पर्य व्यक्तिको आन्तरिक तथा वाह्य व्यवहारमा सामञ्जस्य ल्याउनु हो । आन्तरिक भन्नाले व्यक्तिले आफैले आफुमा गर्ने अनुभूतिहरू र समुदायका अन्य व्यक्ति वा व्यक्तिहरूका साथको व्यवहारमा तादात्म्य ल्याउने जसबाट व्यक्तिलाई र समुदाय लाई आनन्दित गराउन सकोस् । यस प्रक्रियामा कतै व्यक्ति कै आनन्दमा अधिकाधिक जोड दिने र कतै समुदायको लाभलाई मात्र ध्यानमा लिदा वास्तविक उपलब्धि प्राप्त हुन नसकेको देखिन्छ । अस्तु त्यस तादात्म्यलाई साकार गराउन सके समस्या सरलतासाथ समाधान हुन जाने पनि स्पष्ट हुन्छ ।

व्यक्तिमा उद्भूत हुने गुणहरूमा भूत कालका अनुभूतिहरूको वर्तमान अवस्थाको प्रभाव परेको हुन्छ । वर्तमान अवस्था भन्नाले वातावरणलाई वनाउने र भूतकालको अनुभूतिहरू भन्दा पूर्वजहरूको संकलित गुण जो संस्कार गरेर उद्‌वुद्ध हुन्छ । संस्कारका प्रक्रियाहरूमा खास ध्यान नदिदा व्यक्तिको व्यक्तित्वमा एक प्रकारको रिक्तता ल्याउँदछ जस्ले समुचित प्रकारको व्यक्तित्वको विकासमा गतिरोध ल्याउँदछ । प्रत्येक समाजका केही यस्ता नैसर्गिक गुणहरू छन् । जो त्यस समाजको पूर्वजको संस्कारको पुटले मण्डित भएर रहन्छ र एकै प्रकारको शिक्षाको माध्यम प्रत्येक समाजको लागि उपयुक्त हुन सक्तैन । अस्तु वर्ण संस्कारको आधरमा शिक्षाको योजना वैदिक संस्कारले सारै वैज्ञानिक प्रक्रिया अपनाएको देखिन्छ । बारखरीका अभ्यस्तहरूले त कतिपय शब्दको उच्चारण गर्न सक्तैनन् । भने ती संस्कारको अनुभूतिहरूलाई अँगाल्न सक्छन् कुनै पनि व्यक्तिले कुनै शब्दलाई प्रयास गरेमा त्यसको शुद्ध उच्चारण गर्न नसक्ने कुरा छैन तर त्यस प्रकारको गरिने प्रयास उपर विचार गर्ने हो भने निश्चय पनि अनुपाततः त्यो व्यक्ति आफ्नो वातावरणको विषयलाई सुचारुरूपबाट ज्ञात गर्न सफल हुनेछ । संस्कारको विरुद्ध गरिने

प्रयासमा हुने सफलता भन्दा वढो सफलता संस्कारको अनुकूल गरिने प्रयासमा हुने स्पष्ट छ, अस्तु शिक्षापद्धति सोही अनुरूप हुनु मानवको हित हुने हुन जान्छ। नेपाली समाजको आफ्नो संस्कार छ र त्यस संस्कारले नेपाली राष्ट्रियता समेतलाई टेवा दिइएको कुरा अद्यावधिको व्यवहारवाट हामी पाउँदछौं। नेपालीहरूको सामाजिक सम्वन्ध अन्य राष्ट्रका समाज सरह छैन। यसको स्वभाव प्रत्येक नेपालीको स्वभावसित जेलिन गएको छ। यो भन्न सकिन्न कि यस्ता नेपालीको पनि अभाव छैन जो त्यस संस्कारको आचरण गर्दै छ र त्यस संस्कारको प्रतिकूल आचरणहरू गर्ने खासखालका व्यक्तिले संस्कार अनुकूलको शिक्षा नपाउँदा उदय हुँदाको नतिजा हो।

भाषा समाजका भावनाको द्योतक हो र वैदिक संस्कारले प्रभावित हिन्दू धर्म नेपालको राष्ट्रिय धर्मको रूपमा छ। नेपालका सबै हिन्दू जातिहरूमा वेदको स्थान सर्वोपरि छ। र वेदको भाषा संस्कृत हुँदा नेपालीको सम्वन्ध संस्कृतमा अनन्य छ। नेपालीले आफूलाई आफ्नो संस्कारको अनुरूप चिन्न अवश्य पनि संस्कृतको गोरेटोबाट उक्लनै पर्दछ। सो नभै ह रू माध्यमवाट चिन्ने प्रयास भएमा अवश्य पनि यसले असन्तुलित स्थिति उत्पन्न गर्ने छ। विकृत नेपालीको चित्र देखा पर्न जाने पर्याप्त सम्भावना वनी रहने छ। अस्तु शिक्षाको तादात्म्यलाई संस्कार र वातावरणको संयोगवाट वढाउन सकिन्छ। हामी वातावरणलाई कठोर परिश्रम गरेर नै सहि अधिकाधक सफलता सम्म पुऱ्याउन सकौंला तर संस्कारलाई हामी तत्कालै अवश्य वदलन सक्तैनौं। हो सात पुस्तापछिको नेपालीको संस्कारलाई प्रभाव पार्ने गरी विस्तारै विस्तारै प्रयास गरेमा त्यस्मा विना केही वाधाको सफलता पाउन सकौंला। तर सो सफलता पश्चात्का सन्ततिले विश्वको स्थितिमा आफ्नो स्थितिलाई सुरक्षित राख्न गारो हुन जाने पनि स्पष्ट देखिन्छ। किन भने नेपालीको मौलिकतामा नभै वनावटीपनाले मात्र स्थान लिएको रहने छ। अस्तु संस्कारलाई आफ्नै अनुरूपको वातावरणमा नै वढ्ने अवसर दिने प्रयास गर्नु हित हुने देखिन्छ।

उपर्युक्त कुराहरूवाट वैदिक संस्कारलाई संरक्षित राख्न भैरहेका शैक्षिक प्रक्रियाहरूवाट सम्भव छैन। भैरहेका शैक्षिक प्रक्रियाहरूवाट व्यक्तिलाई व्यावसायिक ज्ञानको मात्र वोध

गराउन सकिन्छ जसले निश्चय पनि शिक्षाको उद्देश्यलाई छुन सक्तैन। त्यस संस्कारलाई जोगाउने चेष्टा गर्ने हो भने एक मात्र उपाय नीतिनिष्ठामा आधारित आश्रमहरुको व्यवस्था हुनु पर्दछ जस्मा आन्तरिक संस्कार तथा वाह्य व्यवहारहरुको सोध खोज तथा परिमार्जत हुन सकोस् जसवाट मनसा वाचा कर्मणा एक रूपता ल्याइ व्यक्तिको आचरण चरितार्थ होस्। आजको शिक्षण कलाले हामी-लाई बहूजन हिताय बहूजनसुखायको नारालाई चरितार्थ गराउन सफल हाला भन्न सकिन्छ तर "सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया:भन्ने भावनाको पूर्ति गराउन अवश्य पनि सक्ने छैन, किन भने विश्वलाई वहुमतको व्याधिले छोपेको प्रजातन्त्रको ग्रहण लागेको छ र यस ग्रहणवाट मुक्त नभै विश्व पूर्ण चन्द्रको शोभायमान अवस्थामा पुग्न सक्ला भन्न सकिन्न।

सा प्रथमा संस्कृतिर्विश्ववारा।

कृण्वन्तो विश्वमार्यम् वसुधैव कुटुम्वकम्।

आत्मा वारे द्रष्टव्य: श्रोतव्यो मन्तव्य निदिध्यसितव्य:

ॐ।

आध्यात्मिक शान्ति

—शिवगोपाल रिसाल

आज विश्वभरका मानिसहरू कोहोलो हालेर कराइरहेका छन्–शान्ति ! शान्ति !! शान्ति!!! तर दुर्भाग्यवश शान्तिको यथार्थ रहस्य नबुझेर, शान्तिको वास्तविक मार्ग पत्ता लगाउन नसकेर कुनै राष्ट्र, कुनै समाज, कुनै व्यक्तिले पनि यस जगत्का जागतिक पदार्थबाट आत्यन्तिक शान्ति पाउन सकेका छैनन् । साराको लक्ष्य हो अखण्ड शान्ति, शान्ति शाश्वत शान्ति, आत्यन्तिक शान्ति । सबले प्रयास गरिरहे छन् शान्तिकै लागि । बुद्धि बल, वैभव खर्च भइरहेछ तैपनि शान्ति टाढा–टाढा हुँदैछ । यसको एकमात्र कारण शान्तिको साधन ठीक भएन, शान्तिमा पुग्ने सामल कम भयो वा अर्कै पर्‍यो अनि बाटो पनि अलमलियो ।

शास्त्र र सज्जनको भनाइ अनुसार जसरी सन्ताप, दुःख, चिन्ता अशान्ति तीन प्रकारका छन्ः–

१. आधिभौतिक

२, आधिदैविक

३. आध्यात्मिक

त्यसरीनै शान्ति, सुख सन्तोष. आनन्द पनि तीनै प्रकारमा छन्

१. आधिभौतिक शान्ति –

भूत, भौतिक, जागतिक प्रपंचबाट प्राप्त हुने शान्ति । धनको पिपासुले धन पायो, भोकले रन्थनिरहेको मान्छेले अन्न पायो, नांगोले वा ननांगोले पनि लुगा पायो वा झन् राम्रो लगाउन पायो भने उसलाई एक प्रकारको क्षणिक सुख र शान्तिको अनुभव हुन्छ । त्यसैलाई

यहाँ आधिभौतिक शान्ति भन्न खोजिएको हो ।

वास्तवमा, पारमार्थिक सत्तामा कुनै प्रकारको भौतिक पदार्थमा पनि शान्ति लुकेर बसेको छैन, भौतिक पदार्थको प्राप्ति र त्यसको उपयोगले शान्ति दिने कुरो पटक्कै साँचो होइन तापनि नबुझेका, विचार गर्ने शक्ति– सामर्थ्य नभएका, संसारलाई नै साँचो ठानिरहेका, वहिर्मुखी प्रवृत्ति मात्र भएका, जडभौतिकवादमा आस्था भएका, अपौरुषेय वेदको प्रमाणमा विश्वास नभएका तथाकथित विज्ञानवादी, व्यवहारवादी, विकासवादी मानिसहरू भौतिक नाशवान्, क्षणिक, अनित्य पदार्थ प्राप्तिमा नै शान्तिको सपना देखिररेका छन् ।

चित्तको अचंचल, अखण्ड स्थितिमानै वास्तवमा शान्तिको अनुभव हुन्छ । यदि यस्तो होइन र भौतिक धन, मान, शिक्षा आदिबाट नै शान्ति हुने भएको भए ती ती वस्तुहरू रहुन्जेल शान्ति पनि भईनै रहनु पर्ने तर संसारमा अरबौं डलरका मालिक पनि शान्तिको लागि छट्पटाईरहेका छन्, दश पन्ध्र विषयमा एम, ए, आचार्य गर्नेले पनि शाश्वत शान्ति प्राएका छैनन् भने भौतिक उपलब्धिमा अखण्ड शान्ति छ भनेर कसरी पत्याउनु ? भौतिक पदार्थ प्राप्तिकालमा भएको शान्ति पनि आफ्नै, निजी स्वरूपको अनुभवको शान्ति हो । । इच्छा गरिएको बेला चित्त ज्यादा चँचल हुन्छ अनि त्यही वस्तु पाएपछि चित्त शान्त हुन्छ । शान्त चित्तमा वास्तव सुखस्वरूप, शान्तिस्वरूप, निर्विकार ब्रह्म वस्तु आफ्नो अनुभव हुन्छ र मान्छे शान्तिको अनुभव गर्छ । तर यो कुरा नबुझेर, सुन्नै नपाएर, यस तर्क खोजी नै नगरेर संसारी मान्छे ननिदाउन्जेल, समरुन्जेल सँसारी पदार्थ प्राप्तिमानै दौडिरहेका छन् । परिणाममा दुःख अशान्ति, छट्पटीभन्दा बढी केही पनि हात लागेको छैन ।

२. आधिदैविक शान्ति –

आफ्नो पूर्वजन्मको पुरुषार्थ वा यस जन्मको प्रारब्धवशात् ईश्वरको नियति अनुसार प्राप्त हुने शान्ति अर्थात् सन्तान नभएर चिन्ता ग्रस्त भइरहेको मान्छेको छोरो जन्मियो अथवा खेतमादोब्बर धान फल्यो । यसरी दैवी इच्छाद्वारा प्राप्त शान्तिलाई आधि

दैविक शान्ति भनिन्छ। वास्तमा पार- मार्थिक सत्तामा यस प्रकारको शान्ति पनि नाशवान्, क्षणिक, अनित्य नै हो। छोरावाट शान्ति हुने भए छोरो वाचुन्जेल शान्ति अखण्ड रहिरहनु पर्ने तर कतिका छोराले वावुलाई हृदभन्दा वढी मात्रामा दुःख दिइरहेको पनि पाइन्छ। यसवाट के सिद्ध हुन्छ भने आधिदैविक वस्तुवाट पाइने शान्ति पनि अखण्ड होइन रहेछ। यस कालमा पनि निजी अद्वैत वस्तुकै अनुभववाट भएको शान्ति हो। छोराको, सन्तानको अभावमा छट्पटाइरहेको चित्त जव पुत्रप्राप्तिमा अचल र शान्त हुन्छ त्यही बेला अखण्ड आत्मवस्तुको, निजीस्वरूपको अनुभव स्वरूप शान्ति पाइन्छ। अर्को कालमा फेरि चित्त विभिन्न वस्तुको इच्छाले चलन थाल्छ अनि अशान्ति भइहाल्छ।

३. अध्यात्मिक शान्ति –

यो हो आत्मशान्ति। मैले मलाई म भनेर जाने पछि हुने शान्ति म जवसम्म आफूलाई (आत्मलाई) शरीर, प्राण मन, बुद्धि, अहंकार मानिरहन्छु त्यहाँसम्म मलाई कदापि अखण्ड, शाश्वत, अविनाशी शान्ति मिल्दैन। जव मलाई आफ्नो (व्रह्मको) सम्यक् अनुभव हुन्छ अनि अद्वैत अनुभव हुन्छ। यहीहो आध्यात्मिक शान्ति। हाम्रा वेद, उपनिषद्, गीता आदि सम्पूर्ण शास्त्र- को सारहो आफूभन्दा भिन्न अनात्म पदार्थको निरसनपूर्वक आत्माको अनुभन गर्नु। अतः वहिर्मुखी वृत्तिलाई अन्तर्मुखी वनाउनु शान्तिको पहिलो उपायहो। यसैलाई शास्त्रमा निस्काम कर्म र उपासनाको अभ्यास भनेको छ। कर्मद्वारा चित्त अन्तर्मुख हुन्छ र भक्तिद्वारा चित्त आफूमा स्थिर भइहाल्छ। गीतामा छोटूकरीमा कृष्ण आज्ञा हुन्छ।

आत्मसंस्थंमनः कृत्वा न किञ्चिदपि चिन्तयेत्।

अरू.छ श्लो. २५।

(मनलाई आफू (आत्मा) मा संस्थापन गर, केही कुराको पनि चिन्तना, चिन्ता नगर।) यही हो शाश्वत शान्तिको वाटो। यसैलाई निदिध्यासन, ज्ञाननिष्ठा, समाधि भनिएको छ। मुमुक्षु वा शान्तिका साँचा अन्वेपकहरू यही वाटोवाट

हिड्नु पर्छ । यो विचारको मार्ग हो । वेदान्तको मुख्य आशय पनि यही हो । यसैको अभ्यासमा परिपाक भए पछि जीवनको परमपुरूषार्थरूप जीवन्मुक्ति सिद्धि हुन्छ ।

ॐ शान्तिः ! ॐ शान्तिः !! ॐ शान्तिः !!!

रामशाहपथ, काठमाडौं,
२०२८।९।१८।१

यथौषधं स्वादु हितं च दुर्लभम् ।

ऋजु- कुटिल - नाना- पथ- जुषां

नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ।

हितं मनोहारि च दुर्लभं वचः ।

तदनुकूल

हिन्दूराष्ट्रमा अध्यात्मवाद

भरतमणि शर्मा सम्माननीय राजसभा स. वृ. आ. प. स. को. वाध्यक्ष

हिन्दू संस्कृतिको विशेपनालाई आजको विश्वले मुक्त कण्ठले प्रशंसा गर्दछ कारण यस संस्कृतिका नीजी विशेषताहरू छन् । हाम्रा पूर्वज ऋषि महर्षिहरूले प्राणी मात्रको कल्याण गर्ने अमूल्य विचार विश्वको सामुन्ने राखेका छन् । राजर्षि जनकको राजसभा, त्यस्तै प्रखर प्रतिभा भएका योगिराज याज्ञवल्क्य आदिले अलंकृत थियो । त्यस समयलाई हेर्दा समाजको एक अङ्ग पुरुषवर्ग मात्र प्रबुद्ध थियो भनि हामी भन्न सक्दैनौं । मैत्रेयी, कात्यायनी, वाचक्नवी गार्गी आदिको विशेषताले आज पनि नारी समाजलाई आलोकित पारेको छ । विश्वशान्तिका अग्रदूत भगवान् बुद्ध यसै पवित्र देशमा अवतरित हुनु भएको हो । उहांले दिनु भएको मानव कल्याणकारी पवित्र विचार बुद्ध दर्शनले आजको विश्वलाई उत्तरोत्तर आकर्षित पार्दै गइरहेको छ ।

यस्तै बहुमूल्य हिन्दू संस्कृतिका उपलब्धिहरूको संरक्षण र संवर्धन गर्ने पुनीत कार्यमा विश्वका ६० करोड हिन्दू समाजका एक मात्र सार्वभौतिक सत्तासम्पन्न हिन्दू सम्राट् हाम्रा प्राण भन्दा प्यारा राष्ट्र नायक श्री ५ महाराजाधिराज सरकार निरंतर कटिबद्ध होई बक्सन्छ । फल स्वरूप राजकीय प्रज्ञा प्रतिष्ठान, चित्रकला र ललित कला संस्थान, राष्ट्रिय अभिलेखालय, श्री महेन्द्र वेद विद्याश्रम आदि आफ्नो संस्कृतिका द्योतक, विशिष्ट संस्थाहरूको निर्माण र अधिराज्यका प्राचीन मठ–मन्दिर, देव –देवालयहरूको जीर्णोद्धार आदि कार्य मौसुफ बाटै भई रहेको छ । यो परम गौरवको कुराहो । अन्तराराष्ट्रिय क्षेत्रमा त झन् विशेष मौसुफ

सरकारबाट असंलग्न परराष्ट्र नीति, विश्वबन्धुत्व, सहअस्तित्व विश्व शान्ति र विश्व मानवताको सम्बन्धमा अभूतपूर्व योगदान भएको कुरा विश्वले स्वीकार गरेको छ। विश्वका विभिन्न धर्मावलम्वी समाज र सम्प्रदायहरूको नेपाली समाज संग पनि उत्तरोत्तर सम्पर्क भइ रहेको आजको यस युगमा आफ्नो धर्म, परंपरा, सभ्यता र संस्कृतिका मौलिक रूपमा कुनै विकृति नआओस् भनि पवित्र उद्देश्यले यस वृहद् आध्यात्मिक परिषद्लाई आशीर्वाद र संरक्षण बक्सनाले पनि मौसुफ सरकारमा भएको हिन्दू संस्कृति प्रतिको अगाध श्रद्धा, असीम आस्था र प्रगाढ प्रेमलाई प्रमाणित गर्दछ।

अध्यात्मवाद र विज्ञानको क्षेत्र यति विशाल र गंभीर छ त्यसको यथार्थता कसै–कसैले मात्र ज्ञात गर्न सक्दछ। जस्तै पानीमा पौडन सिक्न खोज्ने व्यक्तिले पानीमा डुबुल्की न लगाई एक दुई पटक डुबी पानी नखाए सम्म किनारमा बसी पौडने कुरा कत्तिनै सुन्दा पनि पौडन सिक्तैन। आध्यात्मिक र वैज्ञानिक-क्षेत्रमा पनि स्वयं परिशीलन न गरी अनुभव हुन सक्दैन जस्तो मलाई लाग्दछ।

आफ्नो संस्कार, सत्संग र सम्बन्धित विषयहरूका व्याख्याहरूको अनुशीलनबाट केही विचार यहां हरूको सामने राख्तै छु।

अध्यात्मवादबाट अप्राणित नभई विज्ञानले विश्व कल्याण गर्न सक्दैन भन्ने मेरो आजको विषय हो।

असंख्य पदार्थहरूको उत्पादक दृश्यमान यो विशाल संसारमा गहिरिएर विचार गर्दा हामी यसमा केवल दुई तत्व पाउंदछौं। ती हुन् चेतन तत्व र अचेतन तत्व। आधार नभई आधेय रहन सक्तैन। अतः ती दुई तत्त्वमा पनि आधार र आधेय भाव अवश्य छ। कहिं चेतन तत्व अचेतन तत्त्वको आधारमा छ त कहीं अचेतन तत्त्व नै चेतन तत्त्वको आधारमा भएको पाइन्छ। कहीं चेतन तत्त्वले नै अचेतन तत्त्वलाई उत्पन्न गरेको र त्यसको अधिष्ठाता भएको पाइन्छ त कहीं सर्वसाधारण व्यक्तिको अनुभवमा पनि जड एवम् अचेतन पाञ्चभौतिक शरीरमानै चैतन्यको उपलब्धि भएकोले अचेतन तत्त्व नै चेतन तत्त्वको आधार भएको पाइन्छ। चेतन तत्त्व होस्

अथवा अचेतन तत्त्व, आआफ्नो क्षेत्रमा दुवैको महत्त्व कम छैन । जगत् रहस्य जान्न खोज्ने विश्वका विचारकहरूले चेतन तत्त्व र अचेतन तत्त्वलाई सामान्यतः दुई भागमा बांटी उनमा पनि समान क्रिया र समान गुणलाई लिएर दुवै तत्त्वलाई अनेक वर्गमा विभाजित गरी अनेकौं प्रयोगशालाहरूको निर्माण गर्दै मनसा, वाचा कर्मणा रात दिन अपार उत्साहका साथ आफ्नो पूरै जीवन लगाई चेतन र अचेतन दुवै जगत्का सूक्ष्मातिसूक्ष्म रहस्यहरूको पत्ता लगाई विश्वको मानव समाजलाइ अरु प्राणीको अपेक्षा धेरैमाथि उठाई सकेको छ । ती नै रहस्यहरू आज विश्व मानव जीवनको सर्वोत्कृष्ट लाभ र गर्वका आधार बन्न गएका छन् । चेतन र अचेतन जगत्का आज सम्मका वहुमूल्य ती क्रमबद्ध विचार र परीक्षणहरूका स्थिर सिद्धान्तहरू–लाई आज मानव समाजवाट खिकी दिने हो भने मानवेतर प्राणी र मनुष्यमा केही पनि अन्तर रहने छैन । चेतन जगत्का आध्यात्मिक उपलब्धि र अचेतन जगत्का वैज्ञानिक उपलब्धिहरूले नै मनुष्यलाई मनुष्य बनाएको छ ।

संसारमा कुनैपनि व्यक्ति त्यस्तो छैन जसको जीवनलाई, आध्यात्मिकवाद र भौतिकवादले प्रभावित पारेको-नहोस् । ती दुईमा पनि जति चांडो र सजिलै हामीहरु भौतिकवाद या विज्ञानलाई एवं वैज्ञानिक क्रिया र वैज्ञानिक पदार्थहरूलाई जान्न सक्तछौं, त्यति चांडै सहजैसित अध्यात्मवाद, आध्यात्मिक क्रिया र आध्यात्मिक पदार्थ हरूलाई जान्न सक्दैनौ कारण यो प्राणीको स्वभाव हो– उसको चित्त सर्वप्रथम सर्वानुभूत यथास्थित स्थूल वस्तुको अनुगमन गर्दछ । हाम्रो आंखाको सामुन्ने जस्तो जगत् छ त्यस्तै आन्तरिक सूक्ष्म जगत् पनि छ । आन्तरिक जगत् न हुँदो हो त मनुष्यले कुनै पदार्थ वनाउनु भन्दा पहिले कहिले पनि उसका आकार प्रकारको कल्पना गर्न सक्ने थिएन— यस्तै वनाउँदछु भनी पदार्थका आकार प्रकारको रूप आन्तरिक जगत्मा न पाउंदो हो त त्यसको वाह्यरूप खडा गर्न कहिले पनि सक्दैनथ्यो ।

चेतनशील प्रत्येक प्राणी नै एउटा

ब्रह्माण्ड हुन् । चैतन्यका न्यूनाधिक तारतम्यले गर्दा नै प्राणी जगत्मा अपेक्षाकृत वैशिष्ट्य र न्यूनतालाई उत्पन्न गरेको हो । यसरी आध्यात्मिक जगत्को सत्ता पनि निर्विवाद सिद्ध हुन आउदछ । सांच्चि भनुं भने सारा वाह्य जगत्लाई आन्तरिक जगत्ले परिचालन गरेको छ ।

मनुष्य यौटा सामाजिक प्राणी हो । समाजका प्रत्येक प्राणीमा महत्त्वाकांक्षाको बीज अन्तर्निहित छ । सर्व साधारणलाई साधारणतः तीन कुरामा महत्वाकांक्षा हुन्छ १ म सबै भन्दा ठूलो विद्वान् बनौं, २ म सबै भन्दा धनी वनौं ३. मलाई सबैले मानुन् । प्राणी मात्रमा भएका यी महत्त्वाकांक्षाहरूको परिपूर्ति यौटै व्यक्तिमा भएको पाउन धेरै गाह्रो छ। कुनै विद्वान् छ त धन र जनताको श्रद्धाको पात्र छैन, कुनै धनी छन् त विद्या र जनताका श्रद्धा पात्र छैनन् । दैव संयोगले कतै कुनैमा दुई कुराको समावेश भएपनि तीनै कुराको समावेश भएको सुपात्र पाउन निकै गाह्रो छ । संसारमा यस्तै अपूर्णता जतातते व्याप्त छ । पूर्वोक्त तीन विशिष्ट गुणहरूको पात्र नवनेसम्म कसैले पनि कुनै समाज या राष्ट्रमा सर्वोत्कृष्ट उत्कर्ष पाउन कदापि सक्दैन । अतः उपर्युक्त महत्त्वाकांक्षाली आफ्नो वैयक्तिक उन्नतिको साथै देश नरेश तथा माटो सुहाउँदो आफ्नो राष्ट्रिय व्यवस्थाको सर्वतोभावेन हित हुने कुरा सोच्नु प्रत्येक नागरिकको परम कर्तव्य हो र देश नरेश तथा व्यवस्थाको निमित्त आफ्नो जीवनमा म पनि केही गरी देखाउं भनी दृढ प्रतिज्ञ भई कार्य क्षेत्रमा उत्रन चाहने सम्भावित व्यक्तिहरूको लागि सतत क्रियाशील हुन र संयमी हुनु सिवाय अर्को कुनै उपाय छ जस्तो मलाई लाग्दैन । विश्वको कुनै पनि राष्ट्रले निरन्तर क्रियाशीलता र संयमको महत्तालाई नमानेको छैन । हिन्दू समाज त झन् अधिक क्रियाशीलता र संयममा विश्वास राख्दछ । जुनसुकै राष्ट्रमा त्यस राष्ट्रको सामाजिक र वैयक्तिक स्तर उठाउँन क्रियाशील र संयमी व्यक्तिको भूमिका नै सर्वोपरि मानिन्छ र ती व्यक्तिहरू नै त्यस राष्ट्रका सुमेरु हुन् । त्यस राष्ट्रको सुरक्षा र अभिवृद्धि त्यस्तै नर तथा नारी रत्नमा निर्भर रहेको हुन्छ । यिनै सबै तथ्यहरूबाट

राष्ट्र र समाजको सर्वतोमुखी प्रगतिका लागि प्रत्येक राष्ट्रका समाज-समाज र व्यक्ति-व्यक्तिमा अनिवार्य रूपमा क्रियाशीलता र संयम रहन अत्यन्त जरूरी छ । विषयलोलुप इन्द्रियहरूको वशमा परी क्षणिक सुखदायी भौतिक वस्तुहरूको एकेक दानाको लागि लालायित भई मनुष्य यदि आंखा चिम्लेर जता कतै दौड्दछ भने संयमको कुरा परै रहन्छ, । दृढ धारणा ली भौतिक सुखको क्रमशः त्याग नगरे सम्म अनेक दुर्गुणहरूको वासनाले मलिन भइरहेको कसैको हृदयाकाशमा संयम चन्द्रोदय हुन कदापि सक्दैन ।

विश्वको भरण पोषण गर्ने यो पृथ्वी एउटा कर्मभूमि हो जहां कुनै प्राणी चाहे त्यो जस्तै सम्पन्न होस् कुनै न कुनै कर्म नगरी एक क्षण पनि रहन सक्दैन । आफूले गरेका प्रत्येक कर्मले प्राणीहरूमा एकेक संस्कार अवश्य उत्पन्न गर्दछन् । स्फटिक जस्तो स्वच्छ मनुष्यको चित्तशीला संस्कारहरूले उज्वल हुन पनि सक्दछ– अत्यन्त मलीन पनि । हाम्रा राम्रा कर्मका संस्कार उज्ज्वल र नराम्रा कर्मका संस्कार मलिन हुन्छन् । अतः यसमा मनुष्यले विशेष जोड दिनु जरूरी छ जसबाट उसका सबै संस्कारहरू उज्ज्वल एवं स्पष्ट हुन सकुन् । यही नै अलौकिक विशेषताको भूमिका हो । यसैमा उसको भावी जीवन निर्भर गर्दछ । राष्ट्रका समाज र व्यक्ति व्यक्तिको चित्त स्वच्छ भएमा कुनैपनि पदार्थको यथास्थित स्वरुप प्रतिविम्बित हुन सक्दछ र राम्रोसंग वस्तुको बोध पनि चाडै हुन्छ ।यसमा कुनै सन्देह छैन ।

अतः प्रत्येक सतत उन्नतिशील मनुष्यको निमित चित शुद्धि परम आवश्यक गुण हो । यसै गुणले मनुष्यलाई देवत्व देखि पनि माथि लैजान सक्दछ । संसारिक प्राणीले वाह्य जगत्मा जे जति कार्य गर्दछन् ती सबै आफ्ना वासनाहरूकै आधारमा गर्दछन् । अतएव प्रत्येक प्राणीले यथासमय पहिलेनै यस्तो प्रयास गर्नु नितान्त छ आवश्यक आफ्नो जीवन प्रवाह सुखमय जसबाट र आनन्दमय बनोस् । हामीले गरेका प्रत्येक कर्मका संस्कारहरूनै उर्वरा चित्त भूमि पाई बीजात्मक संस्कारका रूप लिई क्रमशः बाहिर प्रस्फुटित, अंकुरित पल्लवित, पुष्पित र

फलित हुन्छन् हाम्रो चित्तमा रहेको बीजात्मक संस्कार जस्तो छ, बाहिर पनि हामिले त्यस्तै फल पाउंदछौं । यी सबै कुराको निमित्त अध्यात्मवादको सत्ता एव मान्यतालाई प्रत्येक प्रबुद्ध समाजले स्वीकार गरेको छ। नैतिक-बल र आत्मसन्तोष जस्ता अमूल्य गुणहरू पनि अध्यात्मवाद कै उपज हुन् जरूको मानव जीवनका प्रत्येक क्षणमा आवश्यकता छ । अध्यात्मवाद यस्तै विश्वकल्याणकारी अनेक अमूल्य गुणहरूको मुहान हो । यसको परिशीलन नभए सम्म कुनै पनि मानव समाजले वास्तविक सुख प्राप्त गर्न सक्तैन ।

दुःख लाग्दो कुरा छ विश्व कल्याणका निमित्त विज्ञानले आविष्कार गरेका अनेक क्षेत्रका रहन सहन आदि क्रियाका सामग्रीहरूको सेवनले आज मानव समाज यति अल्छी भई सकेको छ कि सामने राखिएको पदार्थलाई आपना हात चलाई खान सम्म पनि गाह्रो मान्दछ । खुवाउने कार्य पनि विज्ञानले दिएको सामग्रीबाटनै होस् भन्ने ठान्दछ । योत विज्ञानको दोष होइन । वैज्ञानिक सामग्रीको सदुपयोग र उपयोगको परिधि न जान्ने आलसीहरूको दोष हो । कुनै पनि पदार्थका गुणदोषको परीक्षण वा निर्वचनमा त्यो व्यक्तिनै समर्थ हुन्छ जसले त्यस क्षेत्रमा केही परिश्रम गरेको छ । ।

दृश्यमान यो विशाल संसार एउटा वाटिका हो । सामाजिक व्यक्तिहरू त्यसका शोभावर्धक उपकरणहरू हुन् । वाटिकाका पारिजात आदि जड वृक्षहरूलाई प्राप्नु जीवन सुखमय बनाउन त्यति सुविधा र साधन उपलब्ध नभए पनि संसार रूप वाटिकाका शोभावर्धक उपकरण मनुष्य आदिलाई चेतनशील भएकाले धेरै मात्रामा प्राप्त छन् । राष्ट्रका प्रत्येक समाजका प्रत्येक व्यक्तिले पहिलेनै सोचोस् उसलाई के बन्नु छ ? त्यो यथासमय स्पष्ट गरि त्यसै लक्ष्यलाई प्राप्त गर्न सतत प्रयत्नशील भएमा र तदनुकूल आचरण र व्यवहार गरेमा त्यो लक्ष प्राप्त गर्न नसक्ने कुनै कुरा छैन । केही मात्रमा वातावरणको स्थान पनि महत्वपूर्ण मानिन्छ तर

पनि प्रत्येक मनुष्यले आफ्नु जीवनलाई सुखमय र दुःखमय स्वयं बनाउंदछ । अरूलाई दोषी मा नू आफ्नू अक्षमता र अविवेक छिपाउनु सिवाय अरू केही पनि होइन । अतः प्रत्येक सनाजका वयोवृद्ध अभिभावकहरूले आफ्ना भावी रुन्ततिलाई आ–आफ्नो वैयक्तिक उन्नतिको साथै देशको सर्वाङ्गीण अभ्युत्थानमा शरीक गराउनु परम कर्तव्य हो । सानै अवस्था देखिनै पवित्रतमसंस्कारहरूको अभ्यास बसाल्न सकेमा राष्ट्रका विभिन्न समाजका प्रत्येक व्यक्तिको जीवन, सुखमय र आनन्दमय अवश्य नै हुने छ ।

श्यामैव [illegible] कविरेव विद्वान्
विद्यैव [illegible]धुर्धनुरेव शस्त्रम् ।
स्वात्मैव [illegible] एव धन्वी
मार्गेषु माहेश्वर एव मार्गः ॥

ज्ञान र विज्ञान

शारदा समशेर

आजको युगमा जति विज्ञान को महत्व छ, उत्तिकै ज्ञानको पनि आवश्यकता देखिन आएको छ। यसको अर्थ यहि मात्र हुन्छ कि दुवैको आज को जनजीवनमा र जगतमा ठूलो खांचो हुन गएको छ।पाश्चत्य देशहरूमा ज्ञानको कमीले गर्दा अनेक परिणाम देखापरेकाछन् जो आज हाम्री मातृ भूमीमा पाउदैनौं। उच्छ्रृखल अनुशासन रहित आचार, नैतिकपतन, हिंसात्मक कार्यादि र अनिश्व र वाद आदि दुर्गुणहरू भौतिकवादको अनुसरण गर्ने देशहरूमा प्रशस्तमात्रमा पाईन्छन्। यसको कारण र उत्पत्ति कित सच्चा ज्ञानको अभावले यात त्यस देशका शासनाधिकारी को स्वार्थ पन र समधानु कूल कदम चाल्न नसकी जनतालाई नैरास्य तिर धकेल्ना लेनै हुन सक्छ। हामीले राम्ररी अध्ययन गरेमा साधारण शिक्षा, जन संख्याको अपूर्व संवृद्धि, वेकारी समस्या साजिक, आर्थिक र राजयनैतिक असमानताहरूनै कतिपय असंतुष्टिका कारण बन्नगएका देखिन्छन्। हामीहरूले अरूहरू ले गरेको भूल दोहऱ्याउनु केवल मुर्ख्याइ हुन जानेछ। हामीहरूले ज्ञान र विज्ञानको सामञ्जस्य ल्याउनुछ। जसबाट नेपालका देसवाशीहरूमा धार्मिकता, राष्ट्रियता, उदारतको साथै चाहिदोमात्रमा आर्थिक प्रगति समेत ल्याउनुछ। यसको अर्थ यो होइनकि परंपरार र आफ्नो सँस्कृति विर्से र खाली आधुनिकता तर्फ मात्र हामीहरू लागौं। यसो गर्नाले हामीहरू विनागको महल खडा रर्न लागेका व्यक्ति जाश्तो हुने छौं हामीले कसैको नक्कल छैन। हाम्रा पूर्वंकजहरूले यस्ता विभूतिहरू, यस्ता आदर्शहरू र यस्ता वीरताकादृष्टान्त छोडेरगएका छन् जस बाट हामीहरूलाई राष्ट्रियता महान त्याग र देशको स्वतन्त्रता तर्फ

सदैव जागृत राखेकाछन् । आज जनसंख्या हाम्रो देशमा वढदो छ, यताछिमेकी राष्ट्र तर्फ पनि जनसंख्या वढ्नालें नेपाली हरूलाई सिमीत मात्रा मा वाहिर गई नोकरी गर्ने अवकाशसीसितमात्रमा मिल्न लाग्यो । आफ्नो मातृभूमि मा पनि सातसालपछि प्रशासन क्षेत्रमा वढ्ता अवकाशमिले पनि, जंगल फांढिएर अधिकाधिक वढत जमीन आवद भएतापनि शिक्षाकेन्द्रहरू वढता उद्घाटित भई धेरै क्षिशित व्यक्तिहरूले काप पाएपनि देश विदेश हरूवाट आर्थिक सहायता प्रचुरमात्र मामिले पनि नेपाली जनताम। सान्तोप र सुखकोलहर जति मात्रामा आउनु पर्ने थियो त्यति मात्रामा आएको देखिन्न । यसको एउटै कारणहुन सक्त छ र त्यो हो आपनो आध्यात्मिक ज्ञानको अभाव र योजनारहित कदमहरू । अव यस अभावको पूर्ति के वाट हुन सक्छ, त्यस तर्फ ध्यान दिऊ आध्यात्मिक ज्ञान के वाट मिल्न सक्छ त्यस दिशातिर हामीहरू विचार गरो हाम्रो आर्य संरकृततिको आधार तिर लाग्नाले यस अभावको कारण पत्ता लाग्न सक्तछ, हाम्रा चार वेदहरू, उपनिषदहरू, श्रीद् मद भागवत् गीता वाल्मीकिरामायण. तथा महाभारत आदिले हामिहरूलाई राष्ट्रिय स्वतन्त्रता कर्तव्यपरायणता नैतिकता तथा आदरणीयताको पाठ सिकाउछन् । यी गुणहरू विना ज्ञान, र खालि विज्ञान द्वारा जति सुकै आर्थिक समुन्नति प्राप्त भए पनि वास्तविक सुख र शान्ति मिल्न प्रायः असं भ व छ हामी हरूलाई काम र परिश्रम चाहिएकोछ, आत्मालाइ विर्सेर मेसिनको कठ पुतली चाहिएको छैन हामीलाइ देशका र काल सुहाउँदो उद्योग चाहिएको छ, हामीलाइ चन्द्रमामा पुगी त्यस लोकको माटो फर्काएर पृथ्वीमा ल्याई अन्वेषण गर्नु परेको छैन, हामीलाई आफ्नै स्वदेशको माटोको अन्वेषणगरी यसै भित्र प्रचुरमात्रामा अन्न र फलफूल फलाउनुछ, अरूदेशहरू जस्तो विभिन्न तहका जनतामा झगडा र विवाद ल्याउनु छैन, र विभिन्न जाति, भाषा र रहनसहनमा ज्ञान र विज्ञानको सामञ्जस्यलाई. एकता र प्रेम वढाई, शक्तिशाली देशवनाउनुछ र आफ्नै देशको माटोमा पारस्परिक स्नेह र आदर वढाई, आर्थिक समुन्नतिल्याई,

भोक, शोक, रोग, वेकारी र अज्ञानलाई हटाई, देश र नरेश प्रति भक्ति बाढई, यस विशाल र प्राकृतिक सौन्दर्यपूर्ण नेपालको ऋण चुकाउनुछ र यस मानवजीवन पाएकोमा श्री ईस्वश्वर प्रति धर्म परायण भई कृतज्ञता प्रकट गर्नु सबै नेपालीको धर्म हो भन्ने ठान्दछु ।

आतमा खलु विस्वमूलम् ।

आतमवत् सर्वभूताति ।

आतमनः प्रतिकूलानि परेषांन समाचरेत् ।

मानव धर्म–परोपकार

गोविन्द हरि जङ्गम [बाणेश्वर]

प्रकृतिको निर्माण कलाको सर्वोत्तम उपलब्धि 'मानव' हो । यसको अस्तित्व अरु प्राणीको भन्दा भिन्नैछ प्रकृतिले यसलाई ती विशेषताहरू दिएको छ, जसको माध्यमद्वारा 'मानव' एक उच्च देहधारी प्राणी मानिएको छ।

मानवका दुई देह हुन्छन् पहिलो चाहि पशुपक्षी आदिहरूको जस्तै वाहय (स्थूल) देह, जुन शरीरको समानताको आधारमा मानवलाई केवल एक चेतनशील प्राणीमात्र मान्न सकिन्छ। तर दोश्रो जुन देह हो; त्यही नै वास्तविक एक 'मानव' भित्रको 'मानव' हो यही हो आध्यात्मिक ज्ञान देह–सृष्टिकर्ताको महान् कला। 'मानव' त्यही दिव्य चक्षुद्वारा देख्दछ"–वसुधैव कुटुम्बकम्" अनि त्यही मुटुले अनुभव गर्दछ "आत्मवत् सर्वभूतेषु" र चिच्याउँछ –

''सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।"

प्राणिमात्रका हितको कामना मन, वचन, शरीरवाट सवदो अरू प्राणीको सेवा, सहायता गर्नु, कसैको कुभलो नसोच्नु र कसैलाई दुःख नदिनु आदि कार्यहरूलाई 'परोपकार' को शब्दवाट व्यक्त गरिन्छ। प्रेम, सहृदयता आदि यसका अङ्गहरू हुन् यस्तै यी भिन्न भिन्न गुणहरूको सामूहिक नाउँनै 'परोपकार' हो।

प्रकृतिबाट पनि 'मानव' ले परोपकारको पाठ नित्य पढ्न पाएको छ। सूर्य आफ्नो न्यानो प्रकाशद्वारा जीव–जगत्लाई जीवन दान दिने उपकार गर्दछन्, पृथ्वी आफ्नो स्थिर छातिमा कैथ्यन उत्पात सहेर पनि अविरल भावले प्राणीलाई धारण गरेकी छिन्।

विभिन्न वनस्पतिहरूले अन्नफलफूल आदिबाट मानवको सेवा पुऱ्याएका नै छन् । गाई, घोडा, कुकुर आदिले आफ्नो विशेषता अनुसार मानव जीवनमा सेवा पुऱ्याएका छन् आदि ।

मानिस एक सामाजिक प्राणी भएको हुँदा समाज बाहिर रहेर उसले आफ्नो आवश्यकता पूर्ति गर्न सक्तैन । ऊ एक पूर्ण मानिस बन्नलाई उसलाई पाइला पाइलामा समाजको सहयोग (उपकार) को आवश्यकता पर्दछ । बाबु, आमा द्वारा पालन पोषण, गुरु आदिबाट शिक्षा, विभिन्न सामाजिक समुदाय र संस्थाहरूको मद्दतद्वारा शारीरिक, मानसिक विकास गर्दछ । यही उपकारको बदलामा उसले समाजको लागि आफ्नो स्वार्थ त्याग गर्नु उसको कर्तव्य हुन्छ । यो त भयो नागरिक शास्त्रको आवाज ।

आध्यात्मिक पद्धतिबाट हेर्दा हामी पाउछौं "अर्काको उपकार गर्नु ठूलो धर्म हो ।"

आत्मार्थं जीवलोकेऽस्मिन्को न जीवति मानवः ।
परं परोपकारार्थं यो जीवति स जीवति ।।

अर्थात् आफ्नो निमित्त त सबै बाँच्दछन् तर जो अरूको निमित्त बाँच्दछ; उसैको जीवन सार्थक हुन्छ ।

परोपकारी मानव अर्काको निमित्त बाँच्दछ । ऊ कर्म गर्दछ । भोकोलाई पेट भर खान दिन्छ जीर्ण रोगीलाई औषधोपचारद्वारा सगाउ पुऱ्याउँछ । हर चीज दिन्छ परोपकारको लागि । यद्यपि ऊ किन आफू नरित्तियोस्, किन ननाङ्गियोस्, बस् उसका आँखाहरूले ती श्लोकहरू देखिरहेका हुन्छन्--

"परोपकारशुन्यस्य धिङ्
मनुष्यस्य जीवितम् ।
यावन्तः पशवस्तेषां
चर्माप्युपकरिष्यति ।।

अर्थात् परोपकाहीन मानिसको जीवन धिक्कारको पात्र हुन्छ;
किनकि पशु भनाउने प्राणीहरूको छालाले पनि मनिसको उपकार हुन्छ ।

मानिस जस्तो गर्दछ त्यस्तै पाउँछ, जस्तो तीतेपाती रोपेर आँप आउन सक्तैन, त्यस्तै पाप गरेर धर्म पाउन

सक्तैन । महाभारतमा पनि भनिएको छ कि यो वडो आश्चर्यको कुरा छ कि मानिस पापको परिणामवाट वच्न चाहन्छ तर आफू भित्रको पाप प्रवृत्तिलाई छोड्न तयार हुँदैन । पुण्यको फलस्वरूप सुख सवै पाउँ भन्छन् तर परोपकार आदि पुण्यकर्ममा प्रवृत्ति भने हुँदैनन् ।

तरोपकारी व्यक्तिहरूनै महामानव वन्न पुगेका छन् । उनीहरू मरेर पनि अमर वनेका छन् । के देवताहरूको रक्षा खातिर आफ्नो अस्थि दान दिने दधीचि अमर वनेनन् ? उनी जस्ता महामानव त्यसवेला सम्म वाँचीरहने छन्, जवसम्म इन्द्रको वृत्रासुर संगको यो पृथ्वीवाट मेटिएर जाँदैन। परोपकारार्थ आफ्नो प्राण आहूति मर्ने गृध्रराज जटायु, परेवाको रक्षाको लागि आफ्नो ज्यान दिने राजा शिवि माग्नेको निमित्त आफ्नो शरीरको कवच कुण्डल दान गर्ने दानवीर कर्ण फेरि माग्नेको निमित आफूले खान लागेको अन्नदान दिने कैंय्यन दिन देखिका भोका राजा रन्तिदेव र गौ रक्षाको लागि आफ्नो प्राण समर्पण गर्ने दिलीप के आफ्ना इतिहास आफूसंगै सँगेटेर यो संसारवाट विदा भए ? अवश्यै भएनन्। गृध्रराज जटायु मरेर गए तर उनको रगतले रंगिएको रामायणको पृष्ठले उनलाई कहिल्यै भुल्न दिँदैन ।

परोपकार गर्ने व्यक्तिहरू आजसम्म कहिल्यै आन्तरिक रूपमा टुट्टा खाएका छैनन् । परोपकारवाट आत्मालाई असीम शान्ति प्राप्त हुन्छ। यो सत्य हो कि कुनै भोको व्यक्तिलाई तृप्ति हुने गरी खानदिए वापत प्राप्त हुने शान्ति रूपैआले किनेर पाईंदैन । परोपकारवाट असीम आतमसुख प्राप्त हुन्छ । परोपकारवाट प्राप्त हुने आतमसुखनै वास्तविक आध्यात्मिक सुख हो ।

परोपकारवाट उपकृत व्यक्तिलाई त तत्कालै लाभ प्राप्त हुन्छ साथै परोप कार गर्ने व्यक्तिले यसको दुगुना आत्म संतोष, आत्म तृप्तिको अनुभव गर्दछ । यसप्रकार परोपकारद्वारा मानिसको आध्यात्मिक क्षुधा तृप्ति हुन्छ र व्यक्तिको चरित्रमा सत्वगुणी तत्त्वको समावेशको मात्रा बढ्दै जान्छ, जसबाट ऊ आध्यात्मिकताको उच्चतम शिखरमा पुग्न समर्थ हुन्छ ।

ॐ

आत्मा खलु विश्वमूलम्

संस्कृत--सन्देशः

योगी नरहरीनाथ

गङ्गा सिन्धु–सरस्वती च यमुना गोदावरी नर्मदा
कावेरी सरयू महेन्द्रतनया चर्मण्वती वेदिका ।
क्षिप्रा वेत्रवती महासुरनदी कोशी गया गण्डकी
पूर्णा पुण्यजलैः समुद्रसहिताः कुर्वन्तु नो मङ्गलम् ।।

(१)

भो भो भारत–वर्ष–वासिजनताः! शृण्वन्तु मे भारतीं
नेपालस्य च भारतस्य च दृढं सम्बन्धनं संस्कृतम ।
उन्नेतुं सरलं विधातुमधुना ने. सं. वि. वि. स्थापितः
स्थानीया जनता च शासनमिमं दाङ्ग–स्थितं रक्षति ।।

(२)

सर्वेषां भवतामुदेतु ममता बन्धुत्वभावः स्थिरो
भूयात् स्नातकसङ्घ एकहृदयो विद्वान् क्रियावानपि ।
आर्ये संस्कृति–सभ्यते श्रुतिमते संरक्षिते संस्कृते
धर्मो रक्षति रक्षितः क्षितितले विश्वात्मदर्शी महान् ।।

(३)

प्राकारः प्रबलोऽस्तु संस्कृतकृतः प्रालेयशैलाश्रितः
सर्वैरार्य–जनै श्चिरं विजयतां सर्वात्मना रक्षितः ।
सन्देशं निजदेशयोर्वयमिमं देशे विदेशे भृशं
दत्वात्मीयतया प्रसन्नहृदया जीवेम लक्षं समाः ।।

(४)

ईशावास्यमिदं गृहं त्रिभुवनंस्वे वान्धवा मानवा
मैत्री–शान्ति–सहास्तिता–प्रगतिभिर्विश्वं विकासोन्मुखम् ।
सिद्धान्तोऽ यमनादिसिद्ध इति ते आध्यात्मिकी भौतिकी
द्वे विद्ये सहयोगतः प्रगवतः पृथ्वीतले जीवितुम् ।।

(५)

सिद्धान्तो वसुधाकुटुम्बवचनो यो विश्वबन्धुत्वभाक्
सोऽध्यात्मोन्नतिमात्रतः प्रभवति स्वं लक्षमाप्तुं बुधाः! ।।
आलोक्या जनकस्य नीतिरखिलैरध्यात्मनिष्टा परा
संसिद्धि जनकादयो बुधजनाः सत्कर्मणा भेजिरे ।

(६)

वाग्वत्यञ्चल– गण्डकी– जनक गू– नारायणी– लुम्बिनी–
मेची– संयुत– कौशिकाञ्चलजुपः श्रीस्वर्गमस्ताञ्चलाः!
रापत्या धवलाद्रिका हिमवतः कर्णालिका भेरिका
गोरक्षा नयपालकाऽ खिलजनाः! श्वेता– महाकालिकाः ।।

(७)

राजस्थानक– देहली– हरिहयाः! पञ्चाप– जम्बू– जनाः !
काश्मीरा हिमवत्त्रिगर्त्त शिमलाः केदार– कूर्मद्रवाः ।
आसामस्थ– विहारगाः समगधा उड्डीश– बङ्गालयाः
कर्णाटस्थित– गुर्जरस्थ– जनता मध्योतरस्थास्तथा ।।

(८)

आन्ध्राः केरल– मद्र– विन्ध्यग महाराष्ट्रस्थ– सौराष्ट्रकाः ।
विश्वस्थाः सकलार्यधर्म– निरताः श्रृण्वन्तु विद्याप्रियाः !
अस्माकं हृदयैकतां द्रढयितुं वेदोदितं सँस्कृतम् ।
मध्यस्थं सरलं कलङ्करहितं संरक्षणीयं सदा

(९)

अस्मिन् संस्कृत– वाङ्मयेऽ मृतमये जातीयता जीवति
प्राचीनाः सकलाः कला अभिनवा भात्रा भुवो जाग्रति ।
ज्ञानं राजति योगिनां शमवतां विज्ञानमुद्योगिनां
शान्तिः क्रान्तियुता सुनीतिरखिला राजन्ति दिव्या गुणाः ।।

(१०)

वेदास्ते सरलास्तथोपनिषदः सूत्राणि भाष्याणि वा
अङ्गानि स्मृतयः पुराणमखिलं रामायणं भारतम् ।
मध्ये खण्डन–मण्डानादि– जटिल–ग्रन्थ– ग्रह–ग्रस्तया
सुप्तं खिन्न– गिरा चिरं पुनरदः सारल्यमारच्यताम्

(११)

इत्येषा सरणिः प्रशिक्षणविधौ शिक्षाविधौ भाषणे
ग्रन्थानां रचने तथा प्रवचने सं. विश्वविद्यालये ।
आचार–प्रमुखे क्रियावति हिते विश्वस्य लोकस्य च
विश्वासं विदधाति सर्व–जनता सर्वात्मना संहता ॥

(१२)

आर्या संस्कृतिरार्य धर्म उमया सार्धं शिवेनोदितो
नेपालेऽस्ति हिमालयस्य हृदये गोरक्षतो रक्षिते ।
विश्वे घोषित–हिन्दु–राष्ट्र उपमाशून्ये स्वतन्त्रे सदा
दाङ्गे स्थापित उद्यमेन कृतिनां सं. विश्वविद्यालयः ॥

(१३)

उद्देश्यं सर्वदेश्यं सकल–जन–हितं विश्व– विद्यालयस्य
कृण्वन्तो विश्वमार्यं प्रगति–पथ–जुषो विश्व–विश्वास–पात्रम् ।
आत्मायं विश्वमूलं खलु निखिलकलो लीलया वर्तमानो
विश्वात्मा विश्वभर्ता स्थिति–विधि– निपुणो विश्वशान्ति विधत्ताम् ॥

(१४)

प्राचीना नूतनास्तेऽखिल–मुख–विषया देश– कालोचिताश्च
स्वाध्यायोऽध्यापकाः स्वे कृति-सकल-कलाः सर्व- लोकज्ञता च ।
वेदाः साङ्गाः सशास्त्रा लसदुपनिषदो वैदिकी लोक–त्रयी
वाग्धेनूपासकानां किमु दुरधिगमं विश्व– विद्यार्थिनां नः ?॥

(१५)

मेकाले–क्लर्क–शिक्षा क्षपयति जनता–धी– श्रियौ निष्क्रियेयं
साऽऽर्षी शिक्षा–प्रणाली प्रलयमुपगता सत्क्रिया सक्षमानः ।
